फोन नं. ०२३-४५२०५२

प्रदेश सरकार

कोशी प्रदेश

पर्यटन, वन तथा वातावरण मन्त्रालय

वन निर्देशनालय

# डिभिजन वन कार्यालय, झापा

## पुराना सवारी साधनहरु लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/१२/१३

यस कार्यालयबाट विभिन्न मुद्दाहरुमा पक्राउ भई सम्मानित अदालतबाट मुद्दा फैसला हुँदा जफत हुने ठहर भएका तपशिलमा उल्लेखित विभिन्न सवारी साधनहरु जे जस्तो अवस्थामा रहेका छन् सोही अवस्थाबाट आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम विक्री गर्नु पर्ने भएकोले यो गोप्य शिलबन्दी बोलपत्रको सूचना आह्वान गरिएको छ ।

१. यस कार्यालयबाट शिलबन्दी बोलपत्रबाट लिलाम विक्री गरिने पुराना सवारी साधनहरु निम्न लट अनुसार राखिएको छ । खरिद गर्न इच्छुक व्यवसायी फर्महरुले लट अनुसारको सवारी रहेको स्थान कैफियत महलमा उल्लेख भएको हुँदा सवारी रहेको स्थानमा गई सवारी साधनहरु हेर्न सकिने छ ।

लट नं. १/०८०/८१ ( कनकाई सव डि.व.का.मा रहेको)

| सि.नं. | सवारी नं. | किसिम | परल मूल्य रु. | बनेको साल इ.स. | प्रयोग भएको बर्ष | ह्रासकट्टी पछिको रकम रु. | हालको न्यूनतम मूल्य रु. मु.अ.क.बाहेक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ग१च२८४७ | महेन्द्र पिकअप | १०७७०५० | सन् २००५ | १९ | १५५२२ | ४८००० | दर्ता तथा नामसारी नहुने सवारी साधनहरु |
| २ | मे१त३१०७ | ट्याक्टर | ८१०००० | सन् २०१२ | १२ | ५५६६३ | ६५००० | |
| ३ | मे१त३२१५ | ट्याक्टर | ११५३००० | सन् २०११ | १३ | ६३३८७ | ६५००० | |
| ४ | मे१त१३९५ | ट्याक्टर | ७५०००० | सन् २००८ | १६ | २११११ | ५७००० | |
| ५ | विभिन्न ब्राण्डका | साईकल | विभिन्न ब्राण्डका ५५ थान साइकलको पंञ्चकृत मूल्य कायम ( दमक सव डि.व.का. मा रहेको) | | | | २२००० | |
| जम्मा | | | | | | | २५७००० | |

ऋषिराज पराजुली
बन अधिकृत (आठौं तह)

फोन नं. ०२३-४५४०५३

प्रदेश सरकार
कोशी प्रदेश
पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, झापा

लट नं. २/०८०/८१ ( डि.व.का.मा रहेको)

| सि.नं. | सवारी नं. | किसिम | परल मूल्य रु. | बनेको साल इ.स. | प्रयोग भएको बर्ष | हासकट्टी पछिको रकम रु. | हालको न्यूनतम मूल्य रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ना२ख ७३९९ | ट्रक | नखुलेको | सन् २००३ | २१ | नखुलेको | १००००० | दर्ता तथा नामसारी नहुने सवारी साधनहरु |
| २ | मे१च १२५२ | मारुती भेन | नखुलेको | सन् १९९५ | २९ | नखुलेको | १०,००० | |
| ३ | मे१त ३४३० | ट्याक्टर | १०६०००० | सन् २०१२ | १२ | ७२८४३ | ७५,००० | |
| ४ | मे१त २८६६ | ट्याक्टर | ७५०००० | सन् २०११ | १३ | ४१२३२ | ५७००० | |
| ५ | मे१त ४२८ | ट्याक्टर | ५४७९९८ | सन् २००० | २४ | २५८८ | ४८००० | |
| | | | जम्मा | | | | २९०००० | |

२.नागरिक राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक सूचना प्रकाशन भएको मिति २०८०/१२/१३ ले १५ ( पद्र ) औ दिन मिति २०८०/१२/२७ गते सम्म यस कार्यालय र वन निर्देनालय, धरानबाट तोकिएको मूल्य ( फिर्ता नहुने गरी ) तिरी बोलपत्र खरिद गर्न सकिने छ ।बोलपत्र खरिद गर्न इच्छुक व्यक्ति/फर्म वा कम्पनीका प्रोपाइटरले बोलपत्र खरिद गर्न दिइएको निवेदनको साथमा नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर ( VAT ) दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर ( PAN ) दर्ता प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र कवाडी सवारी साधन खरिद बिक्रीको कारोबार गर्ने उद्योग/व्यवसाय/फर्मको कारोबार गर्न इजाजत पाएको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

३. खरिद गरिएका बोलपत्रहरु रितपूर्वक भरी शिलबन्दी गरेर मिति २०८०/१२/२७ गते दिनको २.०० बजे सम्ममा बोलपत्र खरिद गरेको कार्यालयमा दाखिला गर्न सकिने छ ।

४. प्रत्येक लटका सवारी साधनको लागि अलग अलग कबोल रकम बोलपत्रमा उल्लेख गर्नुपर्ने र बेग्लाबेग्लै लटको लागि बेग्लाबेग्लै बोलपत्र सिलबन्दी गरी पेश गर्नुपर्नेछ र खाममा लट नं. र फर्मको नाम, शिल ( लाहा छाप ) को किसिम र थान अनिर्वाय रुपमा उल्लेख गर्नुपर्ने छ ।उल्लेख नगरेको त्यस्तो बोलपत्र दर्ता गर्न कार्यालय बाध्य हुनेछैन ।लटको मूल्याङ्कन गर्दा सोही लटको अधिकतम कबोल मूल्यलाई आधार मानिनेछ ।

५. जसको नाममा बिक्री भएको बोलपत्र हो, उसैको तर्फबाट दाखिला गर्नुपर्नेछ ।

६. बोलपत्रको साथमा छुट्टाछुटै लटको लागि कबोल गरेको रकमको १० % ले हुने धरौटी रकम प्रदेश लेखा इकाई कार्यालय, भद्रपुर झापाको राष्ट्रिय बाणिज्य बैक, शाखा कार्यालय, भद्रपुर स्थित धरौटी खाता नं. २२१०१००२०२०३०००० मा जम्मा गर्न पठाउने कार्यालय नाम डिभिजन वन कार्यालय झापाको कोड

ऋषिराज पराजुली
वन अधिकृत (आठौं तह)

प्रदेश सरकार
कोशी प्रदेश
पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, झापा

३२९०११२०११ मा जम्मा गरी सो को लट अनुसारको छुट्टाछुट्टै सक्कल भौचर वा कम्तिमा ६ महिना सम्मको रितपूर्वकको क बर्गको बैक ग्यारेन्टी वा बैक ड्राफ्ट सिलबन्दी गरिएको खामभित्र समावेश गर्नुपर्नेछ ।धरौटी रकम अनिर्वाय रुपमा प्रतिस्पर्धा गर्ने फर्मको नामबाट दाखिला भएको हुनुपर्नेछ, व्यक्तिको नाममा दाखिला भएको भौचर मान्य हुने छैन ।

७. बोलपत्रमा सकार रकम, अंक र अक्षर दुवैमा लेख्नुपर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

८. बोलपत्र र सो सम्बन्धि कागजातमा बोलपत्रदाता वा फर्मको सहिछाप भई नआएमा, सिल खोलिएको वा टुटफुट भएकोमा सो बोलपत्र अमान्य हुनेछ ।

९. लिलाम बढाबढ हुने उपरोक्त लटको सवारी साधन कार्यालय खुलेको समय भित्र सम्बन्धित स्थलमा गई हेर्न सकिनेछ ।

१०. दाखिला हुन आएका बोलपत्रहरु मिति २०८०/१२/२८ गते दिनको १.०० बजे यस कार्यालयमा खोलिनेछ ।

११. सकारकर्ताले लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको मितिले १५ (पन्द्र) दिन भित्र सकार गरेको रकम र मू.अ.क. को रकम दाखिला गर्नुपर्नेछ ।

१२. सम्बन्धित कार्यालयबाट बिक्री नभएको बोलपत्र दाखिला भएमा वा बेचिएको बोलपत्रको फोटोकपी दाखिला गरेमा सो बोलपत्र अमान्य हुने ।

१३. म्याद नाघि, शर्त राखि वा रित नपुगी पेश हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन् ।

१४. बोलपत्र सम्बन्धि प्रकाशित सूंचनामा उल्लेखित शर्तहरु उल्लंघन भएमा बोलपत्र अमान्य हुनेछ ।

१५. बोलपत्र सदर वा बदर गर्ने अधिकार, अधिकार प्राप्त अधिकारीमा निहित रहनेछ ।

१६. उपर्यूक्त सूचना सम्बन्धमा कुनै कुरा हेरफेर वा संशोधन गर्नुपरेमा यस कार्यालयले गर्न सक्नेछ ।

१७. अन्य शर्तहरुको हकमा प्रचलित आर्थिक ऐन, नियम र आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार हुनेछ ।

ईति वि.सम्बत् २०८० चैत १३ गते रोज ३ शुभम् ................................................

ऋषिराज पराजुली
वन अधिकृत (आठौं तह)